नेपाल सरकार
गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय

(प्रवन्ध महाशाखा, हलचोक, काठमाण्डौ)

राष्ट्रियस्तरको बोलपत्र आह्वानको सूचना नं.(APF/NCB/R/01/2081/082) (Re-Notice)

सूचना प्रकाशन मिति: २०८१/०८/०५ गते ।

१. पशु स्वास्थ्य डग हैण्डलर उपशाखा, स.प्र.बल, नेपाल प्र.का.बलम्बुमा कार्यरत डग संख्या ३० (तीस) को निमित्त २०८१ साल माघ १ गते देखि २०८२ साल पौष मसान्तसम्म बर्ष १ (एक) को लागि डग राशन सामाग्रीहरु e-bidding को माध्यमबाट आपूर्ति व्यवस्था गर्नुपर्ने भएकोले राशन आपूर्ति सम्बन्धी व्यवसाय गर्न सम्बन्धीत निकायबाट ईजाजत प्राप्त ईच्छुक नेपाली बोलपत्रदाताहरुबाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

२. खरिद गरिने डग राशन सामाग्रीहरुको किसिम तथा परिमाण बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ ।

३. सार्वजनिक खरिद अनुगमन कार्यालयको अन्तरिम Portal: www.bolpatra.gov.np/egp बाट डग राशन सामाग्रीहरु खरिद सम्बन्धी e-bidding को कार्य हुनेछ । उक्त web मा Login गरी प्राप्त निर्देशन अनुसार इच्छुक बोलपत्रदाताहरुले भाग लिन सक्नेछन ।

४. बोलपत्र सम्बन्धी कागजातको दस्तुर रु.३,०००।- फिर्ता नहुने गरी यस कार्यालयको कोड नं.३१४०५३५०७, राजश्व खाता नं.१०००१००२०००१००००, राजश्व शिर्षक नं. १४२२९ मा नगदै जम्मा गरेको बैंक भौचरको Scanned Copy PDF Format मा Upload गर्नु पर्नेछ ।

५. बोलपत्रसाथ को.ले.नि.का, काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय ठमेल, काठमाण्डौ स्थित धरौटी खाता नं.११०००१०२०३०००० ख २-३ यस कार्यालयको कोड नं. ३१४०५३५०७ मा रु.१,४५,०००।- नगदै जम्मा गरेको बैंक भौचर वा सो रकम बराबरको कुनै बाणिज्य बैंक वा बित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन खुलेको बोलपत्र जमानत पेश गर्नु पर्नेछ । सोको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना गर्दा बोलपत्रको मान्य अवधि (९० दिन) भन्दा कम्तिमा पनि ३० दिन बढी हुनु पर्नेछ ।

६. बोलपत्रदाताले बोलपत्रसाथ पेश गर्नु पर्ने सम्पूर्ण कागजातहरु मिति २०८१/०८/२० गते १२:०० बजे भित्र www.bolpatra.gov.np./egp मा Scanned Copy PDF Format मा Upload गरी सक्नु पर्नेछ ।

७. e-submission भएका बोलपत्रहरु मिति २०८१/०८/२० गते १३:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । पूर्व निर्धारित मितिमा कारणबस बोलपत्र नखोलिएको अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधिको गणना पूर्व निर्धारित मिति देखि नै गरिनेछ ।

८. बोलपत्रदाताले पेश गरेको Online बोलपत्र सो बोलपत्र पेश गर्ने अन्तिम समय भित्र प्रणालीमा प्रविष्टी (Login) गरी Online फिर्ता लिन वा संशोधन गर्न सक्नेछन ।

९. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो कार्यहरु विदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

१०. बोलपत्रमा आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएमा बोलपत्रदाताको सहीछाप भएको हुनु पर्नेछ ।

११. म्याद नाघी आएको र रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१२. एक फर्म, संस्था वा कम्पनीको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म, संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन ।

१३. डग राशन सामाग्रीहरु आपुर्ति गर्ने करार अवधि भित्र कुनै किसिमको मूल्य बृद्धि दिईने छैन ।

१४. बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१५. सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन -२०६३ र सार्वजनिक खरिद नियमावली -२०६४ बमोजिम हुनेछ ।

१६. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा वा बोलपत्र सम्बन्धी कागजात हेर्नु परेमा यस कार्यालयको सम्पर्क नं. ०१-५२४९००५ मा सम्पर्क गर्न सकिने छ । साथै यो सूचना सशस्त्र प्रहरी बल, नेपालको website: www.apf.gov.np मा र सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.ppmo.gov.np मा पनि हेर्न सकिने छ ।